ग्रामीण सामुदायिक संस्था विकास
Rural Institution for Community Development



# ANNUAL REPORT
## 2080-2081

A PLACE FOR DEVELOPMENT LEARNERS

# CONTENTS


| Page | |
|---|---|
| 3 | Words from the Chairperson |
| 4 | District Profile and Beneficiaries |
| 5 | Words from the Executive Director |
| 6 | Vision, Mission, Objectives |
| 6 | Core Values |
| **7-11** | **Achievements** |
| 7 | Primary Health |
| 8 | School Education |
| 9 | Food Security |
| 10 | Humanitarian Emergency Response |

| Page | |
|---|---|
| 11 | Climate Change |
| 12 | Coordination and Patnership |
| 12 | Learnings |
| 12 | Challenges |
| 13-14 | Achievements of FY 2080/081 |
| 15 | Policy and program of FY 2081/082 |
| 16-21 | Financal Status |
| 22 | List of Board and Staff Members |
| 23 | Current Projects and Funding Partners |

# अध्यक्षको सन्देश

> *संस्थाले हाल छैटौँ रणनीति योजना २०२२/०२६ मा आधारित भएर परियोजना सञ्चालन गरिरहेको छ ।*

ग्रामीण सामुदायिक संस्था विकास (रिकोड) जिल्ला प्रशासन कार्यालय ललितपुरमा २०५१ सालमा दर्ता भएको गैरसरकारी संस्था हो । स्थापना कालदेखि नै संस्थाले ललितपुर जिल्लाका साथै अन्य जिल्लामा समुदाय केन्द्रित विकास परियोजना सञ्चालन गर्दै आइरहेको छ । विशेषत: यो संस्थाले ललितपुर जिल्लाको दक्षिणी भेगका ग्रामीण क्षेत्रहरूमा परियोजना सञ्चालन गरिरहेको छ । प्रभावकारी योजना कार्यान्वयनका लागि कुनै पनि संस्थाले विभिन्न योजनाबद्ध आवधिक रणनीति तर्जुमा गर्नु अपरिहार्य हुन्छ । यसै क्रममा संस्थाले छैटौँ रणनीति योजना २०२२/०२६ मा आधारित भएर परियोजना सञ्चालन गरिरहेको छ ।

संस्थाले रणनीति योजनाको परिधिमा रही हाल खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना र पोषण सुधारका लागि आपसी सिकाइ परियोजना सञ्चालन गर्दै आइरहेको छ । मेनोनाइट सेन्ट्रल कमिटी र नर्वेजियन एजेन्सी फर इन्टरनेस्नल एक्सचेन्ज कर्पोरेसनको आर्थिक तथा प्राविधिक सहयोगमा यी परियोजनाहरु सञ्चालन हुँदै आइरहेका छन् । यस आर्थिक वर्षमा समाज कल्याण परिषद्बाट पोषण सुधारका लागि आपसी सिकाइ परियोजनाको मूल्याङ्कन गरिएको छ । उक्त मूल्याङ्कनले परियोजना प्रभावकारी तथा वस्तुनिष्ठ रहेको औँल्याएको छ । आगामी दिनमा प्रभावकारी परियोजना कार्यान्वयका लागि केही सुधारका पक्षहरूसमेत सिफारिस गरिएको छ ।

नेपाल सरकारको नियमानुसार वार्षिक रूपमा साधारण सभा सम्पन्न गरी सम्बधित निकायहरूबाट संस्था नवीकरण भइरहेको छ । यस संस्थाको २९औँ साधारण सभाले नौ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ । नवनिर्मित कार्यसमितिले संस्थाको नियमानुसार विभिन्न उपसमिति गठन गरेको छ । परियोजनाको प्रभावकारिता र दिगोपनका लागि स्थानीय तहदेखि प्रदेश तथा केन्द्रीय स्तरका विभिन्न निकायहरूसँग आवश्यक सहकार्य, समन्वय एवम् साझेदारी गरिरहेको छ ।

सरकारका विभिन्न तह, सरोकारवाला, लाभान्वित वर्ग तथा कर्मचारीको प्रभावकारी भूमिकाका कारण संस्थाले परियोजना सफलतापूर्वक सम्पन्न गर्न सकेकामा उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस संस्थाका गतिविधीहरूको नियमितताका लागि सहयोग गर्नुका साथै अनुगमन गरि सल्लाह सुभावहरू दिनु हुने लेखा उपसमिति, जिन्सि उपसमिति र खरीद उपसमितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । विभिन्न परियोजनाहरूका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकाय तथा सम्बद्ध कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।



**तुलसी शर्मा**
अध्यक्ष



# District profile

Source: CBS, 2021

| | |
|---|---|
| 5,51,667 Total population | 2,74,536 Female |
| 7,954 Differently able | 1,40,367 No of households |
| 2,11,578 Dependent | 88.08% Literacy rate |

# Beneficiaries

| Households | Population |
|---|---|
| 1,987 | 8,544 Direct (Male: 3,762, Female: 4,782)<br>23,092 Indirect (Male: 11,358, Female: 11,734) |





# कार्यकारी निर्देशकको टेबलबाट

ग्रामीण समुदायिक संस्था विकासले विगत तीन दशकदेखि ललितपुरलगायत विभिन्न जिल्लाहरूमा महिला, बालबालिका तथा किशोरकिशोरीको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग, सकहार्य र साझेदारीमा विभिन्न परियोजनाहरू सञ्चालन गर्दै आइरहेको छ । संस्थाको सिकाइलाई अन्तर्राष्ट्रिय समुदायसँग साटासाट गर्ने लक्ष्यले विगत ४ वर्षदेखि बंगलादेशमा समेत सिकाई आदान प्रदान गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं । यस संस्थाले स्थापना कालदेखि नै महिला तथा बालबालिकाको पोषण स्वास्थ्य सुधार, किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधार, प्रकोपमा राहत तथा पुनर्स्थापना सहयोग, समुदाय परिचालन जस्ता कार्य गरिरहेको छ । स्वदेशी तथा विदेशी शैक्षिक संस्थासँग सहकार्य गरी युवा स्वयम् सेवक परिचालन गरी समुदायका आवश्यकताको पहिचान तथा सम्बोधन गरिरहेको छ ।

संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा मेनोनाइट सेन्ट्रल कमिटीको आर्थिक सहयोगमा ललितपुर जिल्लाका बागमती गाउँपालिकाका छ ओटा वडाहरू (घुसेल, माल्टा, भट्टेडाँडा, प्युटार र इकुडोल) तथा गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौरमा खाद्य सुरक्षा तथा पोषण परियोजना सञ्चालन गरेको छ । नर्वेजियन काउन्सिल फर इन्टरनेसनल एक्चेन्ज कोअपरेसन नर्वेको आर्थिक सहयोगमा बागमती गाउँपालिकाको वडा नं ३ भट्टेटाँटा, गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौर र वडा नं. ११ चापागाउँमा महिला तथा बालबालिकाको पोषण सुधार परियोजना सञ्चालन गरिरहेको छ । दुई जना स्वास्थ्य कर्मचारीहरूमार्फत् इफोर्ट फर रूरल एडभान्समेन्टसँग सहकार्य गरी बंगलादेशमा सिकाइ आदान प्रदान गरिरहेको छ ।

*संस्थाको सिकाइलाई अन्तर्राष्ट्रिय समुदायसँग साटासाट गर्ने लक्ष्यले विगत ४ वर्षदेखि बंगलादेशमा समेत सहकार्य गरी परियोजना सञ्चालन गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं।*

संस्थाका गतिविधिहरूले यस आर्थिक वर्षमा प्रत्यक्ष रूपमा १९८७ घरधुरीका ३१६३६ जना लाभान्वित भए । जसका लागि अन्तर्राष्ट्रिय संस्थाहरूको रू. ३०२७४१३७/- आर्थिक सहयोग तथा स्थानीय सरकारको सल्लाह सुझाव तथा प्राविधिक सहयोग महत्त्वपूर्ण रह्यो । कर्मचारीहरूको अथक मिहिनेत तथा कार्य समितिको प्रभावकारी निर्देशनबाट अपेक्षित उपलब्धि हासिल गर्न सफल भयौं । संस्थाका योजनालाई सफल बनाउन आर्थिक तथा प्राविधिक सहयोग गर्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दातृ संस्था, साझेदार सङ्घसंस्था, जनप्रतिनिधि, कर्मचारी, परियोजनामा संलग्न सहभागी, संस्थाका सदस्य तथा कार्यसमितिका पदाधिकारीहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनमा पनि यहाँहरूको सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दछु ।

**रामहरि घिमिरे**
कार्यकारी निर्देशक

## VISION

Fair and impartial communities for the well-being of all

## MISSION

To build a just and equitable society by empowering the community

## OBJECTIVE

- Increase and enhance access to primary health care services
- Improve the quality of early childhood development, basic, and secondary education
- Improve the food security and nutrition of target groups
- Provide humanitarian assistance to households affected by disasters
- Address climate change issues at the household and community



## CORE VALUES

**Dignity and Justice**

RICOD respects the dignity of every person and support communities in their efforts to achieve justice and human rights in all actions. RICOD facilitates the empowerment of those it works with to live a dignified life.

**Transparency and Accountability**

To maintain good governance, RICOD practices periodic review of rules, regulations, policies, guidelines, procedures and also reports to all stakeholders in a transparent and accountable manner.

**Environment Sensitivity**

RICOD ensures rational use of natural resources by promoting climate change adaptation practices, proper disposal of waste, and adoption of eco-friendly technologies including means of transportation. RICOD promotes reduce, reuse, recycle principle.

# संस्थाका उपलब्धि

## PRIMARY HEALTH CARE
## प्राथमिक स्वास्थ्य

## Target group's increased and enhanced access to primary health care and WASH services

| Indicator | Progress | |
|---|---|---|
| | 2079/80 | 2080/81 |
| Women receiving maternal health care services | ANC- 73.83%<br>PNC- 16.17%<br>ID - 73.53% | ANC- 47.93%<br>PNC- 55.35%<br>ID - 78.53% |
| Recipients satisfied with local health services | 81.31% | 88.3% |
| HHs practicing balanced food consumption | 82.55% | 86.55% |
| Families/household following proper water, sanitation and hygiene practices | 51.59% | 65.53% |
| U2 Children with regular monthly growth monitoring | 40% | 50.66% |
| Adolescents and youths having appropriate knowledge on sexual and reproductive health | N/A | 34.4% |

*ANC-Antenatal Care, PNC-Post natal Care, ID- Iinstitutional Delivery*

## ACHIEVEMENTS

- **2,418** Benefited population by health and nutrition trainings
- **626** Students trained on reproductive health and nutrition
- **502** HH benefited with curative health and counseling service provided by doctor and PHO
- **311** People involve in an interaction for improving local health services
- **1** Health institution supported with health materials
- **18** Mother groups supported with women drudgery reduction equipment



म रिना थापा । मैले रिकोडमा आपसी सिकाइ परियोजनामा मेडिकल अधिकृतको रूपमा १४ महिना काम गरेँ । मैले गोदावरी नगरपालिका वडा नं. ११ को स्वास्थ्य संस्थामार्फत सेवा दिएँ । मेरो लागि यो अनुभव र सिकाइ महत्त्वपूर्ण रह्‌यो । मलाई खानपानमा सुधार गर्न सकिएको खण्डमा धेरै रोगहरु निवारण गर्न सकिने कुरा थाहा थियो । मैले सेवा अवधिमा यो ज्ञानलाई धेरै सेवाग्राहीहरूलाई बताउन पाएँ र यसले धरै बालबालिकाहरूको स्वास्थ्यमा सुधार भएको प्रत्यक्ष देख्न पाएँ । मैले स्वास्थ्यकर्मीको उचित व्यवहारले सेवाग्राहीको धेरै सकारात्मक प्रभाव पर्ने कुराको अनुभव गरेँ ।

म सुस्मिता खड्का । बागमती गाउँपालिका वडा नं. ३, भट्टेडाँडाको छपेलीमा बस्छु । म २६ वर्षकी भएँ । मेरो परिवारमा ६ जना सदस्यहरु छन् । पोषण तालिममा सहभागी हुँदा म गर्भवती थिएँ । रिकोडको समुदाय सहजकर्ताले दिएको तालिमबाट मैले गर्भवती अवस्थादेखि नियमित स्वास्थ्य जाँच, पोषिलो खाना र थप खानाले बच्चाको जन्मतौल निर्धारण गर्छ भन्ने जानकारी पाएँ । सोहीअनुसार नियमित स्वास्थ्य संस्था गएर गर्भ जाँच गराएँ । बच्चा जन्मेपछि ६ महिनासम्म आफ्नो दुध मात्रै खुवाएँ । हरेक महिना बच्चाको तौल पनि लिएँ । तालिममा भनेअनुसार नै ६ महिनापछि आफ्नो दुधसँगै थप खाना पनि खुवाएँ । मेरो बच्चा अहिले स्वस्थ छ ।



**SCHOOL EDUCATION**
**विद्यालय शिक्षा**

# To improve quality of early childhood development and basic & secondary education

| Indicator | Progress | |
|---|---|---|
| | 2079/80 | 2080/81 |
| Children attending ECD centers | N/A | 56.09% |
| Trained ECD facilitators | 75% | 49.72% |
| School aged children enrolled at basic education level | N/A | 52.22% |
| School drop-outs | 0.60% | 4.73% |

## ACHIEVEMENTS

**1,178** Students benefited by extracurricular activities

**578** Teachers and parents of 37 schools participated in ECD meeting

**12** Schools supported by ECD materials

## दिवा खाजा सुधारले ल्याएको विद्यार्थी नियमितता



रिकोडले जङ्क फुडको उपभोगलाई नियन्त्रण गर्नुका साथै बालबालिकाको पोषण स्वास्थ्य सुधार गर्ने लक्ष्यसहित अभिभावक, शिक्षक बैठक सञ्चालन गर्ने क्रममा बागमती गाउँपालिकाको वडा नं. १ घुसेलस्थित ओखरभञ्ज्याङ आधारभूत विद्यालयमा दिवा खाजाको व्यवस्थापनमा सुधार ल्याउने लक्ष्यले बागमती गाउँपालिका, वडाका प्रतिनिधिहरु र सरोकारवालाहरूसँग बैठकको आयोजना गऱ्यो । उक्त बैठकले दिवा खाजा व्यवस्थापनकानिम्ति नेपाल सरकारले प्रदान गर्ने प्रति विद्यार्थी प्रति दिन १५ रूपियाँ अपुग भएकाले अभिभावकका तर्फबाट पाँच रूपियाँ थप गर्ने निर्णय गऱ्यो । साथै वडा कार्यालयले ग्याँस चुलो र खाना पकाउने भाँडाकुँडा उपलब्ध गराउने निर्णय गऱ्यो । उक्त निर्णयपश्चात् निम्न कुराहरु परिवर्तन भएको बताए ।

- विद्यार्थीहरूको उपस्थितिमा ८५% सुधार भएको छ - शिक्षक
- चाउचाउ, बिस्कुट जस्ता जङ्क फुडको प्रयोगमा पनि कमी आएको छ - अभिभावक
- मेरा छोराहरू विद्यालय जान नमान्ने, अल्छी गर्ने गरेकामा अहिले निकै उत्साहित भएर जान्छन् भने म पनि खुसी छु - अभिभावक



विद्यालयमा पकाएको पौष्टिक खाना बच्चाहरूले खुसीसाथ खाइरहेका छन् - सहायक

**FOOD SECURITY**
**खाद्य सुरक्षा**

# Food security of target groups improved

| Indicator | Progress | |
|---|---|---|
| | 2079/80 | 2080/81 |
| Households having increased consumption of nutritious food | 16.29% | 20.29% |
| HHs engaged in commercialization of local products | N/A | 57.1% |
| Households practicing seed preservation for next season | 43.43% | 93.5% |

## ACHIEVEMENTS

**6175** Population benefited by agriculture, kitchen garden and livestock management training

**878** Households benefited with seed support and agriculture materials

**3** Collection centers supported with materials

**168** Women provided income generating grants

## अञ्जलीको आँट !

गोदावरी नगरपालिका वडा नं. ७, बाबियोगाउँकी १९ वर्षीया अञ्जली तामाङको काखमा तीन वर्षीया छोरी छिन् । एक आना जमिन पनि नभएकी अञ्जली अर्कैको घरमा खेती किसानी गरेर बसेकी छिन् । श्रीमान् मजदुरी र आफू काखको बच्चा च्यापेर कृषि कर्म गर्नुपर्ने बाध्यतामा रहेकी अञ्जलीलाई सबैभन्दा बढी पीडा त वर्षभरि काम गर्दा पनि पेट भरि खान र जमिनको भाडा तिर्न नसक्दा हुन्थ्यो ।



जब उनले रिकोडको पोषण, करेसाबारी र कृषि तालिममा सहभागी हुने अवसर पाइन तब कृषि सामग्री र बिउबिजन पाएर कृषि कर्म गर्न झनै हौसिइन् । अहिले अञ्जली रिकोडले दिएका केही प्याकेट बिउमा अरू थपेर व्यावसायिक खेती गर्न थालेकी छन् । उनले करेसाबारी वरपर तरकारी फलाएर खानापानमा सकारात्मक परिवर्तनको सुरूवात गरिसकेकी छन् । आमा समूहको मासिक बैठकमा समयमा नै उपस्थित हुने अञ्जली बनिबुतो गरेर थैलीमा लुकाएर राखेको पैसा झिकेर सबैभन्दा पहिले बचत खातामा टिपाएर समूहमा बुझाउँछिन् । रिकोडले अञ्जलीलाई केही बिउबिजनका साथै ज्ञान मात्रै दिएन र सिप पनि दियो । त्यही सिपले अहिले उनको परिवारमा खाद्यान्नको सुनिश्चता सँगै आयआर्जनसमेत बढेको छ ।



मैले पहिलेदेखि नै खेतीपाती गर्ने गरेको थिएँ । तर त्यसबाट खासै राम्रो आमदानी हुँदैन थियो । रिकोडबाट तरकारी खेतीको तालिम पाएपछि मैले व्यावसायिक खेती गर्न थालेको छु । २ ओटा टनेल बनाएको छु । मौसमी र बेमौसमी तरकारी खेती गर्दै छु । विशेष गरी साग, कुरिलो, आलु, काउली, ब्रोकाउली, चुकन्दर लगाउँछु । उत्पादन गर्नुको साथसाथै उत्पादन भएको तरकारी जोख्ने र बजारीकरण पनि गर्छु । उत्पादन भएको तरकारी आफूले पनि खाने गरेको छु । तरकारी खेतीबाट भएको आम्दानीले वृद्ध आमा बुवाको उपचार खर्च जुटेको छ । परिवारमा पोषणयुक्त खाद्यान्न उपलब्धभएको भएको छ ।

-बिमला लामा
प्युटार, ४० बर्ष:

**HUMANITARIAN EMERGENCY RESPONSE**
**आपतकालिन मानविय राहत**

## Provide humanitarian assistance to households affected by disasters

| Indicator | Progress | |
|---|---|---|
| | 2079/80 | 2080/81 |
| Households(HHs) receiving immediate humanitarian assistance during disaster | 2 HHs | 1 HH |
| HHs receiving post-disaster rehabilitation assistance | N/A | N/A |
| People receiving psychosocial support | N/A | 1 HH |
| Elderly male and female participating in informal forums to maintain active life | N/A | 102 |

## ACHIEVEMENTS

**1** HH supported with food and non-food items

**102** People reported to participate in informal forums

## Research

यस वर्ष आपसि सिकाइ परियोजनामा कार्यरत दुईजना कर्मचारीहरूबाट "Relation of Early Initiationa and Exclusive Breastfeeding with Complete ANC Visits among Lactating Mothers in Godawari Municpality-11, Lalitpur District of Nepal " र "Mental Health of Mothers in Realation to WASH, Reprodcutive Health Care and Nutrition in Rural Areas of Lalitpur" शीर्षकमा अनुसन्धान गरियो ।
यसका साथै यस संस्थाले गर्भवती अवस्थाको हेरचाह, संस्थागत सुत्केरी, वृद्धि अनुगमन, पानी तथा सरसफाइ र जलवायु परिवर्तनकासम्बन्धी अनुसन्धान गऱ्यो । जनभावना क्याम्पससँगको सहकार्यमा 'Knowledge on Contraceptives Use among the Unmarried Adolescent's in Southern Lalitpur" विषयमा समेत अनुसन्धान गरियो ।



यस वर्ष परियोजना क्षेत्रमा बाग्मती गाउँपालिकाका केही वडाहरु घुसेल, भट्टेडाँडा, प्यूटार र माल्टाका जङ्गलहरूमा आगलागीका घटनाहरु भए । यस्ता घटनाका कारण वन जङ्गलका साथै खानेपानीको पाइपलाइनसमेत बिग्रे । आगलागीका घटनाले गाईवस्तुका लागि आहाराका साथै पानीको अभावसमेत निम्त्यायो । जसले गर्दा जनस्वास्थ्यमा धेरै ठुलो असर गऱ्यो । त्यसैगरी समय समयमा चट्याङसहित आउने भीषण हावाहुरीले आवास तथा कृषि क्षेत्रमा क्षति हुन पुग्यो । यस्ता विपतबाट कसरी बच्ने वा क्षतिलाई न्यूनीकरण गर्ने भन्ने बारेमा समुदायमा चेतनामूलक सन्देश दिइयो ।

रिकोडले ललितपुर जिल्लामा विपद्को समयमा सहयोग गर्दै आइरहेको छ । यसै वर्ष बागमती गाउँपालिका प्युटार फुर्केडाँडामा सरिता बजगाईंको घरमा आगलागी भयो । जसले नगद, खाद्यान्न, गरगहना तथा फर्निचरलगायत गरी अनुमानित २२ लाख रूपियाँ क्षति भयो । उक्त घटना लगत्तै रिकोडले आपतकालीन राहत सामग्री सहयोग गऱ्यो । सहयोगमा खाद्यान्न, भाँडाकुँडा तथा आवाससम्बन्धी सामग्री थिए । यसका साथै संस्थाले समुदायमा विपद्हरूबाट बच्न गर्नुपर्ने अभ्यासका बारेमा जनचेतनामूलक सन्देशसमेत दिँदै आएको छ ।

CLIMATE CHANGE
वातावरणिय परिवर्तन

## Climate change issues addressed at household, community and RICOD level

| Indicator | Progress | |
|---|---|---|
| | 2079/80 | 2080/81 |
| Households adopt ecofriendly actions | N/A | 46 household |
| RICOD adopts ecofriendly actions throughout its work | N/A | Promoting reduce and reuse of papers in office |

## ACHIEVEMENTS

**6,000** IEC materials on 'climate change and food security'

**477** HH trained on IPM

**96** HH claiming use of only organic fertilizer



गोदावरी नगरपालिका वडा नं. ७, देवीचौरकी २४ वर्षीया सुनमाया तामाङले तीन दिने कृषि तालिम लिएर व्यावसायिक तरकारी खेती सुरु गरेकी छिन् । सिँचाईको लागि रिकोडबाट पाएको प्लाष्टिक पोखरीकै मद्दतले उनले विभिन्न किसिमका तरकारीहरु सफलतापूर्वक उत्पादन गर्न सकेको बताइन् । उनले काउली, काँक्रो, धनियाँ र सिमी आदि बेचेर आम्दानी बढेको बताइन् । आम्दानी बढेपछि आत्मनिर्भर र सशक्त भएको उनको भनाइ छ ।

म भट्टेडाँडा निवासी सावित्री घिमिरे । रिकोडबाट तीन दिने कृषि तालिम पाएपछि खेतीपातीका लागि पशुको मुत्र सङ्कलन गर्न थालेकी छु । यसले वातावरणमा पनि कुनै हानि नगरी कृषि उत्पादन बढाउने कुराले मलाई उत्साहित बनायो । मैले त्यसलाई तरकारीमा प्रयोग गरेपछि हरियो तरकारी र प्याजको उत्पादन बढ्यो । अहिले मैले उत्पादन गरेका तरकारी बेच्न थालेकी छु । तरकारी बेचेर भएको आम्दानीले मेरो छोराछोरीको पढाइ र घरायसी सामान किनमेल गर्न सहयोग पुगेको छ ।





रिकोडले जलवायुमैत्री कृषि अभ्यासहरुमा जोड दिँदै करेसाबारी, कृषि र पशुपालन तालिमहरु सञ्चालन गर्दै आएको छ । तालिममा साना किसानका लागि घरेलु रूपमा जैविक विषादी झोल मल बनाउने तरिका, मल व्यवस्थापन, ब्याड बनाउने, दाना बनाउने सिप सिकाइन्छ । यसैअनुरूप किसानहरुले झोल मल बनाएर आफ्नै खेतबारीमा प्रयोग गर्दै आइरहेका छन् ।

# संस्थाका उपलब्धि

## समन्वय तथा सहकार्य

- वडा तथा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी गाउँघर क्लिनिकको स्थापना गरिएको
- संस्थाको वार्षिक योजना तथा प्रगति प्रतिवेदन बागमती गाउँपालिका र गोदावरी नगरपालिकामा पेस गरिएको
- गोदावरी नगरपालिका वडा नं. ११ सँगको सहकार्यमा कुश्लेचौर आधारभूत स्वास्थ्यचौकीमा हप्तामा तीन दिन बिरामी जाँच तथा परामर्शका लागि डाक्टर परिचालन गरिँदै आएको
- बागमती गाउँपालिकाका वडा नं १,२,३,४,५ र गोदावरी नगरपालिकाको वडा नं. ७ देवीचौरसँ गको समन्वय तथा सहकार्यमा महिलाहरूलाई सिप विकास तालिम सञ्चालन गरिएको
- सम्बन्धित वडा कार्यालयको सिफारिसमा कृषकहरूलाई कृषि तथा साना सिँचाइ सामाग्री र घुम्तीकोष सहयोग गरिएको
- बागमती गाउँपालिकाको सिफारिसमा वडा नं. २ माल्टाको स्वास्थ्य चौकीमा स्वास्थ्य सामाग्री सहयोगअन्तर्गत डेलिभरी बेड सहयोग गरिएको
- जनभावना क्याम्पससँग समन्वय गरी 'परिवार नियोजनका साधनबारे किशोर किशोरीको ज्ञान' सम्बन्धी अनुसन्धान गरिएको
- त्रिभुवन विश्वविद्यालयसंग आबद्ध भई महिला तथा बालबालिकाहरूको पोषण, प्रजनन् र मानसिक स्वास्थ्यसम्बन्धि अनुसन्धानात्मक कार्यको थालनी गरिएको

## संस्थाका सिकाइहरू

- सिपमूलक तालिमका साथै स्थानीय उत्पादनको बजारीकरणमा कृषकहरूको पहुँच बढाउने खालका क्रियाकलापहरू समेत समावेश गर्नु पर्ने
- लाभग्राहीहरू उद्यमशील हुन आफूले गर्ने उद्यमको लागत लेखाजोखा गर्न सिप सिकाउनुपर्ने
- परियोजना सम्पन्न पश्चात् प्रभाव मापनका लागि नियमित फलोअप गर्नुपर्ने
- दातृ निकायहरूको पहिचान तथा पहुँच बढाउन पहल गर्नुपर्ने
- निजी क्षेत्र, विश्वविद्यालय र कलेजहरूसँग साझेदारिता बढाउनुपर्ने
- स्थानीय तहहरूसँग वार्षिक योजना तर्जुमा अवधि देखि नै समन्वय गर्दा कार्यक्रममा दोहोरोपना नहुने
- स्रोतको सिमितता, दातृ निकायको प्राथमिकता र मानव विकास सुचकाङ्कका आधारमा संस्थाले अन्य जिल्लाहरूमा पनि कार्यक्षेत्र विस्तार गर्नुपर्ने

## संस्थाका चुनौतीहरू

- बढ्दो बजारभाउका कारण प्रशासनिक खर्च घटाउने
- प्राथमिकता क्षेत्र, स्रोतको सीमितता र संस्थाको उद्देश्यका कारण समुदायका सबै अपेक्षाहरूलाई पूर्ण रूपमा सम्बोधन गर्ने
- स्थानीय स्रोत तथा साधनहरूको पहिचान तथा परिचालनका लागि समुदायको विश्वास बढाउने

## Achievements on the policy and program FY 2080/081

## आ.व. २०८०/०८१ को निति तथा कार्यक्रम र उपलब्धि

| निति तथा कार्यक्रम | उपलब्धि |
|---|---|
| नीति १: सञ्चालित परियोजनाहरूलाई निरन्तरता दिने कार्यक्रम:<br>खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना, आपसि सिकाई परियोजना र स्वयमसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिने । | बागमती गाउँपालिकाका ५ वडाहरू र गोदावरी नगरपालिकाका वडा नं. ७ मा सञ्चालित "खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना" लाई निरन्तरता दिइयो । "स्वास्थ्य तथा पोषण सुधारका लागि आपसि सिकाई परियोजना" बागमती गाउँपालिका वडा नं ३ का साथै गोदावरी नगरपालिका वडा नं. ७ र ११ मा शुरूवात गरियो । यस वर्ष १२ राष्ट्रिय र २ जना अन्तराष्ट्रिय स्वयम्सेवकहरू परिचालन गरियो । |
| निति २: संस्थागत विकास गर्नुका साथै मानव संसाधन विकासमा जोड दिने कार्यक्रम:<br>साधारण सदस्यता समावेसी हुने गरी थप गर्ने, सदस्यहरूलाई सदस्यता कार्ड उपलब्ध गराउने, आवश्यकता अनुसार तालिम तथा कार्यशाला गोष्ठिहरू संचालन गर्ने, पाचौं रणनितिक योजनाको समिक्षा गर्ने, संस्थालाई प्रविधि मैत्री बनाउने, संस्थाको वार्षिक प्रतिवेदन प्रीन्ट गरी सम्बन्धीत सरोकारवालाहरूलाई वितरण गर्ने, Organizational vision, mission and values का साथै बिभिन्न सुचनाका लागि सम्पर्क व्यक्ति र विवरण उल्लेख गरी अफिसमा टाँस गर्ने, वार्षिक योजना तथा वजेट आर्थिक वर्ष शुरू हुनुभन्दा अघि स्वीकृत गर्ने, संस्थागत वार्षिक समिक्षा गोष्ठी आयोजना गर्ने, अफिसियल इमेल बनाई प्रयोग गर्ने र क्लाउड स्टोरेजमा व्याकअप राख्ने, कार्यक्रम सञ्चालनका क्रममा स्थानिय स्तरमा रहेका संस्थाका सदस्यहरूलाई समाबेश गर्ने | साधारण सभा सम्पन्न गरियो, जिल्ला प्रशासन कार्यलय तथा समाज कल्याण परिषदबाट संस्था नविकरण गरियो । कर्मचारी तथा कार्यसमितिका सदस्यहरूको तालिम तथा बैठकहरूमा सहभागीता रहयो । संस्थाका आर्थिक कारोवारहरूलाई सफ्ट वयरबाट अभिलेखन गर्ने कार्यको थालनी गरियो, संस्थाको वार्षिक प्रतिवेदन प्रिन्ट गरि वितरण गरियो । चालु आर्थिक वर्षको वार्षिक योजना तथा वजेट आर्थिक वर्ष शुरू हुनुभन्दा अघि कार्यसमतिबाट स्वीकृत गरि लागु गरियो । संस्थागत वार्षिक समिक्षा गरियो, Organizational vision, mission and values को वोर्ड बनाई टाँस गरियो । कार्यसमितिको बैठक ११ पटक, कार्यक्रम व्यवस्थापन समितिको २० पटक र खरिद उप समितिको बैठक ९ पटक बैठक बस्यो । जिन्सि उप समिति र लेखा उप समितिको बैठक १-१ पटक बस्यो र संस्थाका गतिविधिहरूको अनुगमन गरि सुझावहरू समेत दिइयो । संस्थागत विकास योजना एमसिसिमा पेश गरिएकोमा स्विकृत भई कार्य समेत सम्पन्न गरियो । |

| निति तथा कार्यक्रम | उपलब्धि |
|---|---|
| निति ३: नयाँ अवधारण तथा प्रस्तावनाहरू बनाउने कार्यक्रम:<br>जलबायु अनुकुलन सम्बन्धि अध्ययन गरी परियोजना प्रस्तावना निर्माण गर्ने, जेष्ठ नागरिक सम्बन्धी परियोजना निर्माणका लागि सम्भाव्यता अध्यायन गर्ने, बिद्यालय शिक्षा सम्बन्धी परियोजना प्रस्तावना निर्माण गर्ने | प्रस्तावनाहरू तयार गरि water aid, Ncell, iDE, Fida, WHH मा पेश गरियो । जलवायु अनुकुलन सम्बन्धि आसय पत्र पेश गरियो । स्वास्थ्य तथा पोषण सुधारका लागि आपसी सिकाई परियोजनाको दोश्रो चक्रको प्रस्तावना तयार गरि नोरेकमा पेश गरिएकोमा स्विकृत भई परियोजना सञ्चालन गरियो । |
| नीति ४: नियमावलीहरू समय सापेक्ष निर्माण तथा परिमार्जन गर्दै लैजाने कार्यक्रम:<br>कर्मचारी सेवा नियमावली, सामाजिक परिक्षण निर्देशिका, कार्यसमिति व्यवस्थापन निर्देशिका र आर्थिक प्रशासन नियमावली संसोधन गर्ने र अन्ये GESI Policy, Cost sharing guideline, Fund raising/Resource generation and mobilization guideline, Participatory planning guideline बनाई लागु गर्ने, निति, निर्देशिकाहरू roll out, review and audit गर्ने | कर्मचारी सेवा नियमावली, कार्यसमिति व्यवस्थापन निर्देशिका र आर्थिक प्रशासन नियमावली संसोधन गरियो, GESI Policy / conflict of interenst policy तयार भई लागु गरियो । Cost sharing guideline तयार गरियो । |
| निति ५: कार्यक्मलाई अझ बढि प्रभावकारी, पारदर्शि र जिम्मेवारी बनाउन जोड दिने कार्यक्रम:<br>सामजिक परिक्षणलाई प्रभावकारी बनाउने, गुनासो सुनुवाई प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउने, परियोजनाहरूको न्यूनतम सेवा मापदण्ड निर्माण गर्ने, Child Protection Policy and PSEAH policy orientation (review) to EC members and general members, Program quality assurance tool बनाइ प्रयोग गर्ने | यस आथिक वर्षमा बाह्य सहजकर्ताबाट परियोजनाको सामजिक परिक्षण गरियो । समाज कल्याण परिषदबाट आपसि सिकाई परियोजनाको मुल्याङकन भयो । गुनासो सुनुवाई प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन Complaint सम्बन्धी Stickers कार्यक्षेत्रमा समेत टाँस गरियो । रिकोडको सदस्य तथा कर्मचारीहरूलाई Child Protection Policy and PSEAH policy orientation गरियो । |
| नीति ६: स्थानिय सरकार र अन्य सहयोगी संस्थाहरूसँगको सहकार्य र साझेदारितामा वृद्धि गर्ने कार्यक्रम:<br>स्थानिय तहमा कार्यक्रम पेश गर्ने, स्थानिय तहसंग लागत साझेदारितामा कार्य गर्ने, परियोजना क्षेत्रमा कार्यरत अन्य संघसंस्थाहरूसँग समन्वयमा कार्यक्रम संचालन गर्ने, लक्ष्य मिल्ने संस्थाहरूसंगको साझेदारितामा परियोजना निर्माण गर्ने | बागमती गाउँपालिका र गोदावरी नगरपालिकामा यस संस्थाको बार्षिक कार्यक्रमहरू पेश गरियो साथै स्थानिय तहसंग सहकार्य गरि बाल दिवस, स्तनपान सप्ताह र पोषण सप्ताह मनाइयो । कुश्लेचौर स्वास्थ्य चौकिमा हप्तामा ३ दिन डाक्टर पठाउने कार्य भई रहेको छ । |

Policy and program of FY 2081/082

## आ.व. २०८१/०८२ को निति तथा कार्यक्रमहरू

| निति | कार्यक्रम |
|---|---|
| सञ्चालित परियोजनाहरूलाई निरन्तरता दिने | संचालित खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना, स्वास्थ्य तथा पोषण सुधारका लागि आपसि सिकाई परियोजना र स्वयमसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिने । खाद्य सुरक्षा तथा पोषण परियोजनाको उपलब्धिहरूको दिगोपनाका लागि पयिोजनाको समयावधि ६ महिना बढाउन प्रस्तावना तयार गरि एमसिसि नेपालमा पेश गर्ने |
| संस्थागत विकास गर्नुका साथै मानव संसाधन विकासमा जोड दिने | साधारण सदस्यता समावेसी हुने गरी थप गर्ने, बिभिन्न सुचनाका लागि सम्पर्क व्यक्ति र विवरण उल्लेख गरी अफिसमा टाँस गर्ने, अफिसियल इमेल बनाई प्रयोग गर्ने र क्लाउड स्टोरेजमा व्याकअप राख्ने, कार्यलय व्यवस्थापन तथा फाईलिङलाई अझ व्यवस्थित गर्ने, |
| नयाँ अवधारण तथा प्रस्तावनाहरू बनाउने | सम्बन्धित संस्थाहरूले माग गरेका स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, जलबायु अनुकुलन तथा जेष्ठ नागरिक सम्बन्धी आसय पत्र अथवा प्रस्तावनाहरू तयार गरि सम्बन्धित संस्थामा पेश गर्ने, साथै आवस्यकता अनुसार आपतकालिन राहतका लागि समेत प्रस्तावनाहरू तयार गरि दातृ निकायमा पेश गर्ने । |
| नियमावलीहरू समय सापेक्ष निर्माण तथा परिमार्जन गर्दै लैजाने | कर्मचारी सेवा नियमावली, सामाजिक परिक्षण निर्देशिका, कार्यसमिति व्यवस्थापन निर्देशिका र आर्थिक प्रशासन नियमावली संसोधन गर्ने, GESI Policy, Cost sharing guideline, Fund raising/Resource generation and mobilization guideline, Participatory planning guideline बनाई लागु गर्ने, Conflict of Interest policy अन्य उयष्थिअ मा पर्याप्त छ कि छैन review गर्ने र आवश्यक गरे परिमार्जन गर्ने, Complaints Response Mechanism बनाउने, निति, निर्देशिकाहरू roll out, review and audit गर्ने |
| कार्यक्रमलाई अझ बढि प्रभावकारी, पारदर्शि र जिम्मेवारी बनाउन जोड दिने | यस आथिक वर्षमा बाह्य सहजकर्ताबाट परियोजनाको सामजिक परिक्षण गर्ने, परियोजनाहरूको न्यूनतम सेवा मापदण्ड निर्माण गरि सोहीका आधारमा परियोजनाको उपलब्धिहरूको मापन गर्ने |
| स्थानिय सरकार र अन्य सहयोगी संस्थाहरूसँगको सहकार्य र साझेदारितामा वृद्धि गर्ने | स्थानिय तहमा कार्यक्रम पेश गर्ने, स्थानिय तहसंग लागत साझेदारितामा कार्य गर्ने, परियोजना क्षेत्रमा कार्यरत अन्य संघसंस्थाहरूसँग समन्वयमा कार्यक्रम संचालन गर्ने, लक्ष्य मिल्ने संस्थाहरूसंगको साझेदारितालाई जोड दिने, |

**FINANCIAL STATUS**
# आय विवरण

## आ.व. २०८०/०८१ को बास्तविक आय तथा आ.व. २०८१/०८२ को अनुमानित आय विवरण

| सि.नं. | विवरण | २०८०/०८१ को अनुमानित आय | २०८०/०८१ को बास्तविक आय | २०८१/०८२ को अनुमानित आय |
|---|---|---|---|---|
| **क)** | **जम्मा अनुदान प्राप्त** | **४,४६,१४,२५३** | **३०२,७४,१३७** | **४,८०,००,०००** |
| १ | मेनोनाइट सेन्ट्रल कमिटि | २,३९,७५,५२८ | २,४३,६९,८५३।८० | २५०,००,००० |
| २ | नोरेक | ९६,३८,७२५ | ५९,०४,२८३।२० | १२०,००,००० |
| ३ | स्थानिय तह तथा अन्य दातृ निकायहरू | १,१०,००,००० | ० | ११०,००,००० |
| **ख)** | **संस्थागत आम्दानी** | **१,६२,४७२** | **२६८,२४८** | **२,६०,०००** |
| ४ | सदस्यता शुल्क | ४,००० | २,७०० | ४,००० |
| ५ | कर्मचारी/कार्यसमितिबाट सहयोग | १,०३,४७२ | २५१,१७३ | २००,००० |
| ६ | सम्पति/सामाग्री बिक्रीबाट आम्दानी | ५०,००० | २,३७५ | ४०,००० |
| ७ | विविध आम्दानी | ५,००० | १२,००० | १६,००० |
| | जम्मा आम्दानी (क+ख) | ४,४७,७६,७२५ | ३०५,४२,३८५ | ४,८२,६०,००० |
| **ग)** | **न्यून** | **०** | **२४,०४५।४०** | **०** |
| | **जम्मा आम्दानी** | **४,४७,७६,७२५** | **३०५,६६,४३०।४०** | **४,८२,६०,०००** |

यस आर्थिक वर्षको न्यून वा बचत रकम रू अघिल्लो वर्षमा दातृ निकायले दिएको पेश्कि रकमबाट खर्च गरिएको छ ।

**FINANCIAL STATUS**
## व्यय विवरणः

आ.व. २०८०/०८१ को बास्तविक व्यय तथा आ.व. २०८१/०८२ को अनुमानित व्यय विवरण

| सि.नं. | विवरण | २०८०/०८१ को अनुमानित व्यय | २०८०/०८१ को बास्तविक व्यय | २०८१/०८२ को अनुमानित व्यय |
|---|---|---|---|---|
| **क)** | **संस्थागत खर्च** | **३,३८,०००** | **२४३,५७३।४** | **२,७५,०००** |
| १ | निर्देशिका निर्माण तथा संसोधन | ५,००० | २,४०० | १५,००० |
| २ | प्रस्तावना लेखन तथा पेश | २५,००० | ५,५६५ | २०,००० |
| ३ | कार्यसमिति बैठक तथा संचार खर्च | ४५,००० | ५४,२३२ | ४०,००० |
| ४ | बेव साईड निर्माण तथा नविकरण | २५,००० | ० | १५,००० |
| ५ | छपाई तथा प्रकाशन | ५,००० | ४,८०० | ५,००० |
| ६ | आकस्मिक राहत तथा सहयोग | १५,००० | ० | १५,००० |
| ७ | कार्यक्रम/परियोजना अनुगमन | १०,००० | ० | १०,००० |
| ८ | संस्था नविकरण शुल्क | ८,००० | ४,३०४ | १०,००० |
| ९ | कार्यसमिति तथा कर्मचारीहरूलाई तालिम, | | | |
| | भ्रमण तथा खाजा खर्च | ५०,००० | ० | ४५,००० |
| १० | पाँचौ रणनैतिक योजनाको समिक्षा | ५,००० | ० | ५,००० |
| ११ | साधारण सभा खर्च | ३०,००० | ४३,९६५ | ४५,००० |
| १२ | लेखा परिक्षण खर्च | ५,००० | ० | १०,००० |
| १३ | मूल्यह्रास खर्च सम्पती अपलेखन खर्च | ० | ६८,२४६।८५ | ० |
| १४ | कार्यालय खर्च र मर्मतसंभार | ३०,००० | ४६,०६०।५५ | २०,००० |
| १५ | कार्यालय भाडा | ८०,००० | ९,४५० | १०,००० |
| १६ | सफ्टवेयर नविकरण | ० | ४,५५० | १०,००० |
| **ख)** | **परियोजनागत खर्च** | **४,४४,३८,७२५** | **३,०३,२२,८५७** | **४,७९,८५,०००** |
| १६ | खाद्य सुरक्षा, कृषि तथा विपद व्यवस्थापन | ८,००,००० | ० | ५,००,००० |
| १७ | आमा तथा बालबालिकाको खाद्य सुरक्षा पोषण | | | |
| | तथा सुधार परियोजना | २,४०,००,००० | २,४२,६३,६०० | २४८,००,००० |
| १८ | आपसी सिकाई आदान प्रदान | ९६,३८,७२५ | ५९,०४,२८३।२० | ११८,८५,००० |
| १९ | थप परियोजनाहरू (प्रकोप, महामारी, जलवायु | | | |
| | परिवर्तन र जेष्ठ नागरिक) | १,००,००,००० | १,५४,९७३।८० | १०८,००,००० |
| | **जम्मा खर्च (क+ख)** | **४,४७,७६,७२५** | **३०५,६६,४३०।४** | **४,८२,६०,०००** |

# Rural Institution for Community Development (RICOD)
Godawari Municipality-11, Lalitpur

## Statement of Financial Position
As on 31 Ashad 2081

(Amount in NRs)

| | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non - Current Assets** | | | |
| Property Plant and Equipment | 4.1 | 323,995.92 | 392,242.76 |
| Intangible Assets | | | |
| **Total Non - Current Assets** | | **323,995.92** | **392,242.76** |
| **Current Assets** | | | |
| Inventories | | | |
| Accounts Receivable | 4.2 | 423,500.20 | 3,000.00 |
| Cash and Cash Equivalents | 4.3 | 6,995,799.44 | 2,090,500.25 |
| **Total Current Assets** | | **7,419,299.64** | **2,093,500.25** |
| **Total Assets** | | **7,743,295.56** | **2,485,743.01** |
| **LIABILITIES & RESERVES** | | | |
| **Accumulated Reserves** | | | |
| Unrestricted Funds/Accumulated Surplus | 4.4 | 1,045,864.22 | 1,069,909.61 |
| Designated Funds | | | |
| Restricted Funds | 4.5 | 6,069,339.50 | 968,669.31 |
| **Total Accumulated Reserves** | | **7,115,203.72** | **2,038,578.92** |
| **Non - Current Liabilities** | | | |
| Other Noncurrent Liabilities | | | |
| **Total Non - Current Liabilities** | | - | - |
| **Current Liabilities** | | | |
| Accounts Payable | 4.6 | 628,091.00 | 447,163.10 |
| Loans and Borrowings | | | |
| Provisions | | | |
| **Total Current Liabilities** | | **628,091.00** | **447,163.10** |
| **Total Liabilities** | | **628,091.00** | **447,163.10** |
| **Total Liabilities and Reserves** | | **7,743,295.56** | **2,485,743.01** |

The Notes on accounts form an integral part of the financial statements.

In terms of our report of even date attached
For R & P Associates
Chartered Accountants

Tulasi Prasad Sharma
Chairman

Ram Hari Ghimire
Executive Director

Sh[illegible] Neupane
Treasurer

Jagrit Prasad Timalsina
Admin & Finance Officer

Prahlad Basnet
Partner
R & P Associates
Chartered Accountants

# Rural Institution for Community Development (RICOD)
## Godawari Municipality-11, Lalitpur

### Statement of Income & Expenditure
For the period 1st Shrawan, 2080 to 31st Ashad, 2081

(Amount in NRs)

| | Note | Current Year | Previous Year |
|---|---|---|---|
| **INCOME** | | | |
| Incoming Resources | 4.7 | 30,542,385.00 | 28,093,935.00 |
| Financial Income | | | |
| Other Income | | | |
| **Total Income** | | **30,542,385.00** | **28,093,935.00** |
| **EXPENDITURE** | | | |
| Staff Cost | 4.8 | 11,498,598.00 | 9,240,306.00 |
| Programme Expenses | 4.9 | 17,503,206.00 | 17,663,014.00 |
| General Administrative Expenditure | 4.10 | 1,496,379.55 | 1,227,480.32 |
| Depreciation | | 68,246.85 | 68,246.85 |
| Other Expenditure | | | |
| **Total expenditure** | | **30,566,430.40** | **28,199,047.17** |
| **Net surplus/(deficit) before Taxation** | | **(24,045.40)** | **(105,112.17)** |
| Income Tax Expenses | | | |
| **SURPLUS/(DEFICIT) FOR THE YEAR** | | **(24,045.40)** | **(105,112.17)** |

**APPROPRIATION OF SURPLUS FOR THE YEAR**

| | | | |
|---|---|---|---|
| Allocation to Reserves | | **(24,045.40)** | **(105,112.17)** |

*The Notes on accounts form an integral part of the financial statements.*

In terms of our report of even date attached

For R & P Associates
Chartered Accountants

Tulasi Prasad Sharma
Chairman

Ram Hari Ghimire
Executive Director

Sita Devi Neupane
Treasurer

Jagrit Prasad Timalsina
Admin & Finance Officer

Prahlad Basnet
Partner
R & P Associates
Chartered Accountants

**Rural Institution for Community Development (RICOD)**
**Godawari Municipality-11, Lalitpur**

**Statement of Cash Flows**
For the Year Ended Ashadh 2081

(Amount in NRs)

| | Current Year | Previous Year |
|---|---|---|
| **Cash Flow From Operating Activities** | | |
| Surplus/(Deficit) | (24,045.40) | (105,112.17) |
| Adjustments: | | |
| Add: Depreciation | 68,246.85 | 68,246.85 |
| Cash Flow from Operating Activities before change in Working Capital | **44,201.45** | **(36,865.32)** |
| (Increased)/Decreased in Current Assets | (420,500.20) | - |
| Increased/(Decreased) in Current Liabilities | 180,927.90 | (120,856.00) |
| Changes in project liabilities/Resticted Fund | 5,100,670.19 | (3,505,536.83) |
| **Cash Flow from Operating Activities** | **4,905,299.34** | **(3,663,258.15)** |
| **Cash Flow From Investing Activities** | | |
| Sale / (Purchase) of Fixed Assets | - | - |
| **Cash Flow From Investing Activities** | - | - |
| **Cash Flow From Financing Activities** | | |
| Dividend Received / (Paid) | | |
| Interest Paid | | |
| **Cash Flow From Financing Activities** | | |
| **Net (Increase/Decrease) in Cash Flow** | **4,905,299.34** | **(3,663,258.15)** |
| Opening cash and bank balance | 2,090,500.25 | 5,753,758.29 |
| **Cash and Bank balance at the end of the year** | **6,995,799.44** | **2,090,500.25** |

*The Notes on accounts form an integral part of the financial statements.*

In terms of our report of even date attached

For R & P Associates
Chartered Accountants

Tulasi Prasad Sharma
Chairman

Ram Hari Ghimire
Executive Director

Sita Devi Neupane
Treasurer

Jagrit Prasad Timalsina
Admin & Finance Officer

Prahlad Basnet
Partner
R & P Associates
Chartered Accountants

**Rural Institution for Community Development (RICOD)**
**Godawari Municipality-11, Lalitpur**
**Fund Accountability Statement**
**For the period : 01/04/2080 to 31/03/2081**

*(Amount in NPR)*

| Particulars | ODA | Fire Relief | Mutual Learning | IFSAN | Core Fund | Total | Previous Year |
|---|---|---|---|---|---|---|---|
| ***Opening Balance*** | | | | | | | |
| Bank | - | - | 482,110.15 | 911,731.66 | 696,658.44 | 2,090,500.25 | 5,753,758.45 |
| Payables | - | - | (7,500.10) | (417,671.00) | (21,991.00) | (447,162.10) | (568,019.10) |
| Receivables | - | - | - | - | 3,000.00 | 3,000.00 | 3,000.00 |
| Fixed Assets | - | - | - | - | 392,242.76 | 392,242.76 | 460,490.00 |
| | - | - | **474,610.05** | **494,060.66** | **1,069,910.20** | **2,038,580.91** | **5,649,229.35** |
| ***Income*** | | | | | | | |
| Grant received | 119,045.00 | 35,928.80 | 10,675,742.45 | 24,592,809.54 | - | 35,304,480.79 | 24,452,443.77 |
| Other Income | - | - | - | - | 219,528.00 | 219,528.00 | 135,955.00 |
| **Total Income** | **119,045.00** | **35,928.80** | **10,675,742.45** | **24,592,809.54** | **219,528.00** | **35,524,008.79** | **24,588,398.77** |
| **Total Balance** | **119,045.00** | **35,928.80** | **11,150,352.50** | **25,086,870.20** | **1,289,438.20** | **37,562,589.70** | **30,237,628.12** |
| ***Expenditure*** | | | | | | | |
| **Project related expenses:** | | | | | | | |
| Program Expenditure | 119,045.00 | 35,928.80 | 5,033,797.20 | 23,543,520.00 | - | 28,732,291.00 | 26,707,820.00 |
| Administration Expenditure | | - | 870,486.00 | 720,080.00 | - | 1,590,566.00 | 1,250,160.00 |
| **Organizational Expenses:** | | | | | | | |
| Administration Expenditure | | | - | | 175,326.55 | 175,326.55 | 172,820.32 |
| **Total Expenditure** | **119,045.00** | **35,928.80** | **5,904,283.20** | **24,263,600.00** | **175,326.55** | **30,498,183.55** | **28,130,800.32** |
| NAS for NPOs Adj | | | - | - | - | - | |
| Depreciation | | | - | - | (68,246.85) | (68,246.85) | (68,246.85) |
| **Change in Fixed Assets** | | - | - | - | **(68,246.85)** | **(68,246.85)** | **(68,246.85)** |
| **Balance of fund** | - | - | 5,246,069.30 | 823,270.20 | 1,045,864.81 | 7,115,205.31 | 2,038,579.95 |
| **Represented By:** | | | | | | | |
| Bank | - | - | 5,057,502.40 | 1,219,297.20 | 718,999.84 | 6,995,799.44 | 2,090,500.25 |
| Payables | - | - | (221,933.00) | (396,027.00) | (10,131.00) | (628,091.00) | (447,163.10) |
| Receivables | - | - | 410,500.00 | - | 13,000.20 | 423,500.20 | 3,000.00 |
| Fixed Assets | - | - | - | - | 323,995.92 | 323,995.92 | 392,242.76 |
| | - | - | **5,246,069.40** | **823,270.20** | **1,045,864.96** | **7,115,203.56** | **2,038,578.91** |

Tulasi Prasad Sharma
Chairman

Ram Hari Ghimire
Executive Director

Sita Devi Neupane
Treasurer

Jagrit Prasad Timalsina
Admin & Finance Officer

Prahlad Basnet
Partner
R & P Associates
Chartered Accountants

## Executive Committee Members

| | |
|---|---|
| Mr. Tulasi Sharma | Chairperson |
| Ms. Rachana Maharjan | Vice- Chairperson |
| Mr. Laxmi Prasad Timalsina | Secretary |
| Ms. Sita Devi Neupane | Treasurer |
| Ms. Tekarnath Timalsina | Member |
| Ms. Sushila Timalsina | Member |
| Mr. Tej Prasad Bajagain | Member |
| Prof. Dr. Seshananda Sanjel | Ex-officio member |
| Mr. Ram Hari Ghimire | Ex-officio member |

## Advisor

Mr. Krishna Bahadur Rawal

## Staff Members

| | |
|---|---|
| Ram Hari Ghimire | Executive Director |
| Kunjana Pandey | Project Coordinator |
| Jagrit Prasad Timalsina | Admin and Finance Officer |
| Aanchal Khadka | MEAL Officer |
| Sushila Nagarkoti | Agriculture Technician |
| Shyam Sanjel | Livestock Technician |
| Suman Gole | Community Facilitator |
| Bachchu Dahal | Community Facilitator |
| Sabin Timalsina | Community Facilitator |
| Keshav Gautam | Community Facilitator |
| Dina Ghimire | Community Facilitator |
| Gita Timalsina | Community Facilitator |
| Roshani Neupane | Logistic Assistant (Part time) |
| Laxmi Kapali | Office Assistant |
| Urja Regmi | Public Health Officer |
| Dr. Rina Thapa | Medical officer (Doctor) |
| Dr. Sameer Shrivastav | Medical officer (Doctor) |
| Anil Khanal | Senior Public Health Officer |
| Rina Timalsina | Office support (Part time) |

## Host Participants

Country: Bangladesh

| | |
|---|---|
| Dr. Prianka Chakma | Medical officer (Doctor) |
| Taslima Ahmed | Nutrition Officer |
| Dr. Samiha Sultana | Medical officer (Doctor) |
| Lima Akter | Nutrition Officer |

# हाल संचालनरत परियोजनाहरू

**ग्रामीण ललितपुरमा महिला तथा वालवालिकाको खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना**
Improving Food Security and Nutration of Women and Children in Rural Lalitpur

**स्वास्थ्य र पोषण सुधारका लागि आपसी सिकाई परियोजना**
Mutual Learning for Improving Health and Nutrition Scenario

## Thanks to

Mennonite Central Committee

NOREC
NORWEGIAN AGENCY FOR EXCHANGE COOPERATION







**ग्रामीण सामुदायिक संस्था विकास (रिकोड)**
गोदावरी न.पा.-११, चापागाउँ, ललितपुर
पो.ब.नं. १२७७५, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-५५७२३०८/५५७२९६५
इ-मेलः office.ricod@gmail.com, वेभः www.ricod.org.np